# कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं

३ नं. प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२

फ्याक्स: ०१-४४५०३५६

टोल फ्रि नं.: १६६००१२७७७७


पत्र संख्या: २०७५/७६

## प्रेस विज्ञप्ती

कागेश्वरी मनोहरा नगरपालिकाको अर्धवार्षिक समिक्षा तथा नगरसभा नगर प्रमुख श्री कृष्णहरि थापा ज्यूको अध्यक्षतामा मिति २०७५ माघ २५ गते सुरुभई २०७५ फागुन ०१ गते सम्पन्न भयो। अर्धवार्षिक समिक्षामा नगरपालिकामा रहेका विषयगत शाखाहरुले आ-आफ्नो शाखा अन्तर्गतका वार्षिक कार्यक्रमको हाल सम्मको खर्च र प्रगती विवरण प्रस्तुत भै दोश्रो नगरसभाबाट पारित नीति तथा कार्यक्रममा थप सहित केहि ऐन संसोधन, केहि नयाँ ऐन पारित गरि कार्यक्रम समापान गरियो।

नगर सभाले पारित गरेका

१. **कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक ऐन २०७५ को**
दफा ५ को अनुसूची ४ मा थप

  १. सहकारी दर्ता/ नवीकरणको दस्तुर।
  रु १ करोड सम्म वार्षिक कारोबार गर्ने संस्थालाई वार्षिक शुल्क रु १०००/-
  रु १ करोड देखि रु ५ करोड सम्मलाई रु २०००/-
  रु ५ करोड देखि रु १० करोड सम्मलाई रु ३०००/-
  रु १० करोड देखि रु २० करोड सम्मलाई रु ५०००/-
  रु २० करोड देखि माथि सबैलाई रु १००००/-

  दर्ता गरेको ३ महिना भित्र व्यवसाय शुल्क तिरी सूचीकरण हुनुपर्नेछ।

दफा १३ को अनुसूची ९ मा थप,

  १. डिपो दर्ता/ नवीकरण दस्तुर,
  २. सम्पति मुल्यांकन तथा आय प्रमाणित,

दफा १५ को अनुसूची १०

  १. संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भएका संस्थाको दर्ता नवीकरणमा विगतको वक्यौतामा जरिवाना छुट।
  २. तत्कालिन गा.वि.स. तथा नगरपालिकामा दर्ता भएका उद्योग, व्यवसाय नविकरणमा चालु आ.व. को दर्ता दस्तुर लिई नवीकरण गर्ने।

# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
३ नं प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.: १६६००१२७७७७


पत्र संख्या: २०७५/७६

२. **विनियोजन ऐन २०७५ को दफा ३ बमोजिम आ.व. ०७५/७६ का लागि विनियोजित निम्न शिर्षकको बजेट सार्नुपर्ने भएकोले**

१. मर्मत सम्भार कोष – १ करोड ५० लाख
२. मेसिनरी औजार- ३० लाख
३. भवन निर्माण –१० करोड

**रकमान्तर भई खर्च हुने शिर्षक**

**नगर साझेदारी कार्यक्रम र नगर स्तरीय योजनामा**

१. मर्मत सम्भार कोषबाट – ५० लाख
२. मेसिनरी औजारबाट – १० लाख
३. भवन निर्माणबाट – ३ करोड

**जम्मा, ३ करोड ६० लाख**

३. **नीति तथा कार्यक्रममा थप**

१. दोश्रो नगरसभामा आय शिर्षकमा समावेश नभएको नेपाल ट्रष्टबाट प्राप्त हुने गोकर्ण फरेष्ट रिसोर्टको प्रभावित क्षेत्रले प्राप्त गर्ने रकम नगर कार्यपलिकाले निर्णय गरेका नगर योजनामा खर्च गर्ने।
२. नगरपालिका भित्र संचालनका लागि कार्यपालिकाबाट निर्णय गरि संचालनमा आएका खानी, वालुवा प्रसोधन उद्योग,जग्गा व्यवस्थापनबाट सडक मर्मत शुल्क लिई उक्त शुल्क मर्मत सम्भार कोषमा राखि नगर भित्र रहेका सडकको आवधिक मर्मतमा खर्च गर्ने।
३. एकल महिला, जसको निज बाहेक अन्य कोहि संरक्षक वा परिवार नभएको तथा एकल महिला निजको संरक्षणमा नावालक वाल बच्चा मात्र रहेछन भने त्यस्तो महिलाले निजकै नाउँमा नक्सा पास गरि घर निर्माण गरेमा उक्त घर एक हजार वर्ग फुट सम्मको भए त्यसमा लाग्ने दस्तुर ५०% सम्म छुट गर्ने।
४. असंगठित क्षेत्रमा कार्यरत मजदुरको अभिलेख राख्ने र मजदुर भलाई कोषमा रु ५ लाख राखी सो रकमबाट नगर कार्यपालिकाको निर्णय बमोजिम मजदुरलाई आवश्यक पर्दा नियमानुसार खर्च गर्ने।
५. मदिरा विक्री वितरणका लागि आवश्यक मापदण्ड तयार गरि सोहि अनुसार कार्यपालिकाको निर्णय बमोजिम कार्यन्वयन गर्ने।
६. पशु-पन्छी फर्म संचालन गर्दा सो को संचालन मापदण्ड तयार गरि मापदण्ड पुगेका फर्महरूलाई मात्र संचालन अनुमति दिने तथा नविकरण गर्ने।
७. छाडा पशुपन्छी, मृत जनावरको व्यवस्थापनका लागि आवश्यक बजेट सहितको कार्यविधि निर्माण गर्ने।
८. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्यनरत १ देखि ५ कक्षा सम्मका विद्यार्थीलाई आउने शैक्षिक सत्र देखि दिवा खाजाको व्यवस्था।
९. जिल्ला समन्वयबाट प्राप्तहुने रकम नगरपालिकाको भवन निर्माणमा खर्च गर्ने।

कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौँ
३ नं. प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.: १६६००१२७७७७


पत्र संख्या: २०७५/७६

४. **कार्यन्वयनमा रहेका संसोधन गर्नुपर्ने कार्यविधि**

१. "घ" वर्गको निर्माण व्यवसायी इजाजत कार्यविधि, २०७४
२. भवन निर्माण मापदण्ड, २०७५
३. माटो बालुवा तथा खानी जन्य वस्तुको व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७४
४. भवन निर्माण मापदण्ड, २०७५
   - ✓ नक्सा पास राजकुलो वा खहरे खोल्सा भै हाल सडक निर्माण भएको स्थानको फार सडक सरह नै कायम गर्ने।
   - ✓ गोकर्ण राज निकुन्ज संग जोडिएका कित्ता जग्गामा घर बनाउदा नक्सापासका लागि छोड्नुपर्ने फार ५ फिट कायम गर्ने।
   - ✓ सडकको मापदण्डमा भद्रवास-वि.पी. संग्रालय भएको ५/५ मि. लाई संसोधन गरि ४/४ मिटर
   - ✓ देवल धारो-अधिकारी गाउँ, क्रिकेट मैदान ठुलाघर – बस्तेको ढिक सडक भएको ५.५/५.५ मि. लाई संसोधन गरि ३.५/३.५ मि.
   - ✓ नेपाल विधुत प्राधिकरणबाट वितरित ग्रिड लाईनको फार विधुत प्राधिकरणको मापदण्ड बमोजिम नै कायम गरि घर नक्सा पास गर्ने।

५. **पारित गर्नुपर्ने ऐनहरु:**

१. न्यायिक समितिको उजुरी कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा बनेको ऐन, २०७५
२. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५
३. स्वास्थ्य तथा सरसफाई ऐन, २०७५

६. **संसोधन गर्नुपर्ने ऐन**

५. शिक्षा ऐन, २०७४
६. प्रशासनिक कार्यविधि नियमन गर्ने ऐन, २०७४

मिति: २०७५/११/०२

श्री राजाराम पुडासैनी
नगर प्रवक्ता